## नगराईन नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : १ मिति : २०८१/०२/२५

भाग–२

## नगराईन नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

नगराईन, धनुषा

मधेश प्रदेश, नेपाल

## नगर प्रहरी संचालन तथा व्यबस्थापन कार्यविधि पहिलो संशोधन २०८१

## नगराईन नगरपालिकाको नगर प्रहरी संचालन तथा ब्यबस्थापन कार्यविधि, २०८०

### नगर प्रहरी संचालन तथा ब्यबस्थापन कार्यविधि पहिलो संशोधन २०८१

नगराईन नगरपालिकाको नगर प्रहरी संचालन तथा ब्यबस्थापन कार्यविधि २०८० लाइ संशोधन गर्न वान्छनीय भएकोले नगराईन नगरपालिकाको प्रशासकीय कार्यविधि ऐन २०७५ को दफा ४ तथा नगराईन नगरपालिकाको नगर प्रहरी संचालन तथा व्यबस्थापन कार्यविधि २०८०को परिच्छेद-१० को दफा ३२ को प्रयोग गरि नगराईन नगरपालिकाले देहायका नगर प्रहरी संचालन तथा ब्यबस्थापन कार्यविधि २०८० मा भएका सामान्य त्रुटीमा सच्याउन पहिलो संशोधन तथा दफा उपदफा थप गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** (१) यो कार्यविधिको नाम " नगराईन नगरपालिकाको नगर प्रहरी संचालन तथा ब्यबस्थापन कार्यविधि (पहिलो संशोधन) २०८१" रहेको छ।

२. **नगराईन नगरपालिकाको नगर प्रहरी संचालन तथा ब्यबस्थापन कार्यविधि २०८०** को प्रस्तावनामा "नगरपालिका क्षेत्रमा आवश्यक शान्ति तथा सुव्यबस्था कायम गरि नगरपालिका एवं नगर क्षेत्र भित्रको सार्वजनिक सम्पतिको सुरक्षा एवं संरक्षण गर्न , नगरपालिकाका निर्णयहरुको कार्यान्वयन गर्न, आपतकालिन अवस्थामा राहत र उध्दारको कार्य गर्न, अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पतिको अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्न र छाडा पशु चौपायाको नियन्त्रण सम्बन्धि कार्य गर्न स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ को उपदफा (२) को खण्ड (क) (१) मा उल्लेख भएको नगर





प्रहरी सम्बन्धि व्यवस्थापनलाई कार्यान्वयन गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम नगराईन नगर पालिकाले यो नगराईन नगरपालिकाको नगर प्रहरी संचालन तथा व्यबस्थापन कार्यविधि -२०८१तर्जुमा गरि जारि गरेको छ।

३. **परिच्छेद-१** को दफा २ परिभाषा मा बिषय वा प्रसङले हुनु सट्टा अन्यथा भएकोले।

४. **परिच्छेद -१** को दफा २ को उपदफा (ङ) मा पालिकाको हुन् पर्ने मा अन्यथा भएको।

५. **परिच्छेद -२** को नगर प्रहरीको हुनु पर्ने अन्यथा भएको।

६. **परिच्छेद -२** को दफा ५ को (क) मा नगर प्रहरी निरीक्षक / सहायक निरीक्षक हुनु पर्नेमा साथै सोहि दफाको ३ मा बमोजिम हुनु पर्ने र उपदफा ४ मा पदका हुनु पर्ने अन्यथा भएको।

७. **परिच्छेद -३** को दफा (६) को उपदफा (२) को (घ ) मा निर्माण हुनु पर्ने ( च ) मा सडेगलेको हुनु पर्ने (ण) मा राखेको र लिने हुनु पर्ने (घ) मा सार्वजनिक हुनु पर्ने (फ) मा ध्वनि हुनु पर्नेमा अन्यथा भएको।

८. **परिच्छेद -४** को दफा ८ मा नगर प्रहरी निरीक्षक/सहायक निरीक्षक हुनु पर्नेमा र सोहि परिच्छेदको दफा (१०) उपदफा (१) मा नगर प्रहरी नायब निरीक्षक / नगर प्रहरी हवल्दार हुनु पर्नेमा अन्यथा भएको। दफा (११) को उपदफा (१) को ( घ) मा महिलाहरुको लागि उचाई कम्तिमा ४ फीट ९ इन्च हुनु पर्ने मा अन्यथा भएको।

९. **परिच्छेद -४** को दफा ( ११ ) को उपदफा (ज) पछी उपदफा ( झ ) थप गरि “ नेपाल प्रहरी,सशस्त्र प्रहरी बल नेपाल तथा नेपाली सेनाको कुनै पदबाट अवकाश प्राप्त वा सेवा निबृत व्यक्तिको हकमा अनुभवलाइ कदर गरिदै सेवा निवृत भएको पद देखि एक पद माथिको पदमा आबेदन दिन सक्ने छ साथै अवकास प्राप्त वा सेवा निवृतको हकमा नगर प्रहरी निरीक्षक/ सहायक निरीक्षक पदमा आबेदन दिन ४५ बर्ष उमेर हद कायम गरिएको छ।

१०. **परिच्छेद – ५** को दफा (१६ ) मा नगर प्रहरी प्रमुख सम्बन्धि व्यवस्थामा थपघट : उपदफा (१) मा प्रहरी निरीक्षक नगर प्रहरी प्रमुख हुने व्यबस्था कायम गरेको तर नगर प्रहरी निरीक्षक नियुक्त नहुदा सम्म दफा १०९ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम नियुक्त नगर सहायक प्रहरी निरीक्षक प्रहरी प्रमुखको कार्य गर्ने छ। यसरि प्रहरी प्रमुखको जिम्मेवारी दिदा पदीय ज्येष्ठा अनुसार दिनु पर्ने छ।

११. **परिच्छेद – ५** को दफा (१७) मा दोहोरो जिम्मेवारी दिन सक्ने मा थप घट : यस कार्यविधिको दफा (१०) को प्रतिबन्धात्मक वाक्यांश वमोजिम नगर कार्यपालिकाले नगर प्रहरी हवल्दार पदमा आन्तरिक मुल्यांकनद्वारा पदपूर्ति गर्दा कार्यरत नगर प्रहरीहरु मध्ये कार्य क्षमताको मूल्यांकनको आधारमा प्रहरी हवाल्दारमा बढुवा गरिने छ। साथै यस कार्यबिधि अनुसार नगर प्रहरी निरीक्षक / सहायक प्रहरी निरीक्षक को नियुक्ति नहुदा सम्म निजलाई नगर प्रहरी प्रमुखको कार्यभार संचालन गर्न साथै नगर प्रहरीको कार्यभार समेत गर गराउन जिम्मेवारी तोक्न सक्ने छ।





**नोट:**

* आपताकालिमा को स्थानमा “आपतकालिन” सच्याएको।
* प्रसाले को सट्टा “ प्रसङले” सच्याएको।
* पालिकाक्प को स्थानमा पालिकाको सच्च्याएको
* परहरिअको स्थानमा “प्रहरीको सच्याएको।
* नगर प्रहरी निरीक्षक थप भएको बमैजिम को सट्टा बमोजिम र पदमा को सट्टा पदका सच्याएको।
* इर्मान स्थानमा निर्माण, सढेगले को स्थानमा सडेगले , राहेको स्थानमा राखेको, इन को स्थानमा लिने, सार्वजनी को स्थानमा सार्वजनिक, धवानी को स्थानमा ध्वनि सच्याएको।
* परिच्छेद -४ को दफा (११) मा उपदहा (झ) थप गरिएको।

**प्रमाणिकरण मिति : २०८१/०२/०६ गते**

**आज्ञाले,**
**राम गुलाम लाल कर्ण**
**प्रमुख प्रशासकीय अधिकृत**

नगराईन नगरपालिकाद्वारा प्रकाशित मुल्य रु. ५/-